# चुमनुब्री गाउँपालिकाको आर्थिक ऐन, २०८२

**गाउँ सभामा पेश भएको मिति :- गते**

**गाउँ सभाबाट पारित भएको मिति :- गते**

**प्रस्तावना** : चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २५८ को उपधारा (२) बमोजिम चुमनुब्री गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"चुमनुब्री गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि चुमनुब्री गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ति कर :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थायी संरचना (घर, टहरा, गोदाम आदी समेत) मा सम्पति कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने सम्पतिको मूल्यांकन र करको दर अनुसूची (१) बमोजिम हुनेछ।

(३) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जग्गा तथा सो जग्गामा बनेको भौतिक संरचनामा सम्पत्ति कर लगाईने छैन।

(४) **अनुसूची (१)** बमोजिम लगाईने सम्पत्ति कर चालु आ.व.को प्रथम चौमासिक असोज मसान्त भित्र बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ। साथै सोही आ.व. भित्र कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा पहिलो वर्ष १० प्रतिशत र सो भन्दा पहिलेका वर्षहरुको बक्यौतामा क्रमश: थप ५/५ प्रतिशतका दरले थप विलम्ब शुल्क लिनेछ।

(५) सम्पत्ति कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पतिको मूल्यांकनबाट लाग्ने कर रकममा पूर्व बुझाएको रकम घटाई बाँकी रहने रकममा ५० प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिनेछ।

**३. भूमि कर (मालपोत):**

(१) गाउँपालिका क्षेत्रभित्र **अनुसूची (२)** बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

**४. घर जग्गा बहाल कर:**

(१) कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल अंक रकमको १० प्रतिशतका दरले बहालकर लिइनेछ। तर कुनै घरधनीले निजी निवास प्रयोजनका लागि व्यक्ति वा परिवारलाई बहालमा दिएकोमा लाग्ने बहालकर रकममा २० प्रतिशत छुट दिईनेछ।

(२) बहाल कर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्युनतम दर अनुसूची (३) बमोजिम हुनेछ।

(३) **अनुसूची (३)** बमोजिम लगाईने बहालकर चालु आ.व.को प्रथम चौमासिक (कार्तिक मसान्त) अवधिभित्र सोही आ.व.को बहालकर अग्रिम रुपमा बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ। बक्यौता कायम हुनु गएको बहालकर रकममा पहिलो वर्ष १० प्रतिशत र सोभन्दा अघिल्ला वर्षहरुको बक्यौतामा क्रमश: हरेक वर्षका लागि थप ५/५ प्रतिशतका दरले विलम्ब शुल्क लिईनेछ।

**५. व्यवसाय कर :**

(१) गाउँपालिका क्षेत्रभित्र व्यवसाय गर्ने गरी दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुन सुकै कारोवार गर्ने व्यक्ति वा सस्थालाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ।

(२) गाउँपालिका क्षेत्रमा व्यवसाय गर्दै आएका तर गाउँपालिकामा व्यवसाय दर्ता नगराएका व्यवसायीहरुलाई जति सुकै वर्ष व्यवसाय गरेको भए तापनि चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र दर्ता गराउन आएमा पछिल्लो अवधिको बढीमा ५ वर्षको कर लिई व्यवसाय दर्ता वा नवीकरण गरिनेछ र सो अवधिमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिइनेछ।

(३) **अनुसूची (४)** बमोजिम लगाईने व्यवसाय कर चालु आ.व.को असोज मसान्त भित्र बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ। साथै सोही आ.व भित्र कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा पहिलो बर्ष १० प्रतिशत र सो भन्दा अघिका बर्षहरुको बक्यौतामा क्रमश: हरेक बर्षको लागि थप ५।५ प्रतिशतका दरले बिलम्ब शुल्क लिईनेछ।

**६. जडिबुटी, कबाडी र जीवजन्तु कर :**

(१) स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१) र २ (घ)४ को अधिकार प्रयोग गरी नेपाल सरकार, संघीय मन्त्रालय तथा प्रदेश सरकारका प्रदेश मन्त्रालयले जारी गरेको ऐन नियम निर्देशिका तथा निर्णयहरुको अधिनमा रही विगतको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ ले गरेको व्यवस्था बमोजिम साविकमा जिल्ला विकास समितिले लिएको कर, दस्तुर, शुल्क, राजस्व समेतलाई मध्यनजर गरी यस गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको सम्बन्धमा उक्त वस्तु र सेवाको संकलन उपयोग विक्री वितरण तथा निकासीमा चुमनुब्री गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि कायम गरेको वस्तु तथा सेवाको शुल्क दस्तुर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची (५)** बमोजिमको कर लगाईने र असूल उपर गरिने छ।

**७. सवारी साधन कर :**

(१) गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची (६)** बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर :**

(१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची (७)** बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. बहाल विटौरी शुल्क :**

(१) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचि (८)** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१०.पार्किङ शुब्क :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत **अनुसूची (९)** बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ।

**११. पर्यटन शुल्क :**

(१) गाउँपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची (१०)** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईनेछ।

**१२. सेवा शुल्क, दस्तुर :**

(१) गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूची (११)** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ।

**१३.सार्वजनिक स्थल प्रयोग दस्तुर :**

(१) आवागमनमा अवरोध नहुने गरी सावर्जनिक स्थलमा टेण्ट लगाउनु पर्ने भएमा कारण खुलाई सम्वन्धित वडा कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(२) अनुमति दिदा प्रतिदिन प्रति बर्गफिट रु २.०० का दरले शुल्क लिईनेछ।

(३) विना अनुमति टेण्ट लगाएको पाईएमा लाग्ने शुल्क बराबर थप जरिवाना लिईनेछ।

**१४. बनपैदावार विक्री शुल्क :**

(१) गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक वन उपभोक्ता समितिबाट बन पैदावार विक्री गर्दा प्राप्त गर्ने रकममा १० प्रतिशतका दरले वनपैदावार बिक्री शुल्क लगाई असुल उपर गरिनेछ।

**१५.ट्रेकिङ र ऱ्याफटिड शुल्क :**

(१) गाउँपालिका क्षेत्रभित्र ट्रेकिड वा ऱ्याफटिङ सेवा वा व्यवसाय सञ्चालन गरे बापत अनुसूची (१२) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१६. एक्साभेटर प्रयोग शुल्क :**

(१) एक्साभेटर प्रयोग गरेबापत अनुसूची (१३) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१७.प्राकृतिक स्रोत साधन प्रयोग कर :**

(१) प्राकृतिक स्रोत साधन प्रयोगबापत अनुसूची (१४) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ।

**१८.कर छुट:**

(१) यस ऐन बमोजिम बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमका कर छुट दिइने छैन।

**१९.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :**

(१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :**

(१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ।

## गैरकरहरु/ नि:शुल्क प्रदान गरिने सेवा तथा सिफारिस

| क्र.सं. | नि: शुल्क प्रदान गरिने सेवा तथा सिफारिस विवरण | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | जन्म दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| २ | विवाह दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ३ | बसाई सराई ३५ दिन भित्र | निःशुल्क | |
| ४ | सम्बन्ध बिच्छेद दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ५ | मृत्यु दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ६ | उपचार सिफारिस | निःशुल्क | |
| ७ | बाल पोषण लागि सिफारिस | निःशुल्क | |
| ८ | स्वास्थ्य समस्या सिफारिस | निःशुल्क | |
| ९ | आगलागी सिफारिस | निःशुल्क | |
| १० | प्राकृतिक प्रकोप बाढी पिडित सिफारिस | निःशुल्क | |
| ११ | विपन्न/असहाय/छात्रवृद्धि/अपाङ्गता/आर्थिक सहयोग सिफारिस | निःशुल्क | |
| १२ | निवेदन दर्ता | निःशुल्क | |
| १३ | सामाजिक सुरक्षा भत्ता पाउने/नवीकरण निवेदन दर्ता | निःशुल्क | |
| १४ | छात्रावृति सिफारिस | निःशुल्क | |
| १५ | पालिका वा अन्तर्गतका कर्मचारी र जनप्रतिनिधिहरुलाई प्रदान गरिने विभिन्न सिफारिस | निःशुल्क | |
| १६ | संरक्षक सिफारिस (व्यक्तिगत) अध्ययन सिफारिस गर्ने हकमा | निःशुल्क | |
| १७ | सर्जमिन मुचुल्का प्रमाणित (विपद्को हकमा) | निःशुल्क | |

## अनुसूची १
## सम्पति कर

| सि.नं. | करयोग्य सम्पत्तिको मुल्याङ्कन अंक | २०८२/०८३ को प्रस्तावित दर रु. | कै |
|---|---|---|---|
| १ | आर.सि.सि. भवन र जग्गा | २०० | |
| २ | कर्कटपाताको छाना भएको घर र जग्गा | १५० | |
| ३ | ढुङ्गाको छाना भएको घर र जग्गा | १०० | |
| ४ | अस्थायी र कच्ची घर र जग्गा | ५० | |

गाउँपालिकाले आवश्यक नीति तथा कार्यविधि तयार गरी घरजग्गा रजिष्ट्रेशन गर्ने छ। रजिष्ट्रेशन बापत प्रति घर रु १०० शुल्क लिईनेछ।

## अनुसूची २
## भूमिकर (मालपोत)

| सि. नं. | राजश्वका क्षेत्रहरु | वर्गीकृत भूउपयोग क्षेत्र | आ.व. २०८२/८३ कोदर प्रति रोपनी रु. वार्षिक कर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | मालपोत दस्तुर, भूमि कर | कृषि क्षेत्र | २० रोपनी सम्मको रु २०० सो भन्दा माथीको प्रतिरोपनी रु ३० का दरले | | |
| २ | | आवासीय क्षेत्र | प्रतिरोपनी रु ८० का दरले | | |
| ३ | | व्यवसायिक क्षेत्र | प्रतिरोपनी रु १०० का दरले | | |
| ४ | | निजी वन क्षेत्र | प्रतिरोपनी रु ५० का दरले | | |
| ५ | | सार्वजनिक उपयोग क्षेत्र | प्रतिरोपनी रु ५० का दरले | | |
| ६ | | नदी ताल तथा सिमसार क्षेत्र | प्रतिरोपनी रु ५० का दरले | | |
| ७ | | साँस्कृतिक तथा पुरातात्विक क्षेत्र | प्रतिरोपनी रु ५० का दरले | | |
| २ वर्ष देखि ४ वर्षसम्म कर नबुझाउनेलाई २५%, ५ वर्ष देखि ७ वर्षसम्म कर नबुझाउनेलाई ३५%, ८ वर्ष वा सोभन्दा बढीसम्म कर नबुझाउनेलाई ५०% सम्म जरिवाना लगाईनेछ। | | | | | |

## अनुसूची ३
## घर बहाल कर

गा.पा.क्षेत्र भित्र तपशिल बमोजिम घर बहाल कर लगाईने र असुल उपर गरिने छ।

| |
|---|
| घर बहाल रकमको १० प्रतिशत |

## अनुसूची ४
## व्यवसाय कर

| क्र.सं. | विवरण | नयाँ दर्ता | | | | नवीकरण | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५ लाख सम्म | ५ लाख देखि १० लाखसम्म | १०लाख देखि २० लाखसम्म | २० लाखदेखि माथी | ५ लाख सम्म | ५ लाख देखि १० लाखसम्म | १०लाख देखि २० लाखसम्म | २० लाखदेखि माथी | |
| १ | डिपार्टमेन्ट स्टोर दर्ता तथा नवीकरण | २००० | ३००० | ५००० | १०००० | १००० | १५०० | २५०० | ५००० | |
| २ | शितभण्डार तथा गोदाम घर | १५०० | २५०० | ३५०० | ५००० | ७५० | १२५० | १७५० | २५०० | |
| ३ | अर्गानिक वस्तु विक्रि केन्द्र | ५०० | १००० | १५०० | २००० | २५० | ५०० | ७५० | १००० | |
| **व्यापारिक वस्तु तथा व्यवसाय** | | | | | | | | | | |
| ४ | व्यवसाय दर्ताः मदिरा | २००० | ३००० | ५००० | १०००० | १००० | १५०० | २५०० | ५००० | |
| ५ | खुद्रा व्यवसाय (किराना) | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ६ | ईलेक्ट्रोनिक सामान खरिद बिक्री व्यवसाय | १५०० | ३००० | ४५०० | ६००० | ७५० | १५०० | २२५० | ३००० | |
| ७ | फर्निसिङ्ग तथा फर्निचर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ८ | सुनचाँदी तथा गहना बनाउने पसल | १५०० | ३००० | ४५०० | ६००० | ७५० | १५०० | २२५० | ३००० | |
| ९ | कपडा पसल फेन्सी स्टोर | १५०० | ३००० | ४००० | ५००० | ७५० | १५०० | २००० | २५०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सामान ढुवानी तथा कम्पनी ट्रान्सपोट सर्भिस | २००० | ३००० | ५००० | १०००० | १००० | १५०० | २५०० | ५००० | |
| ११ | फोटो स्टुडियो तथा कलर ल्याब | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १२ | ब्युटिपार्लर/केश श्रृंगार | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १३ | कस्मेटीक पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १४ | ड्राई क्लिन | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १५ | फ्रेस हाउस | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १६ | फलफुल तथा तरकारी विक्रेता | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १७ | मार्वल पसल | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| १८ | डेरी पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| १९ | जुत्ता चप्पल खुद्रा पसल | १५०० | ३००० | ४००० | ५००० | ७५० | १५०० | २००० | २५०० | |
| २० | कुटानी पिसानी | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| २१ | विभिन्न कृषक समूह/आमा समूह | १००० | | | | ५०० | | | | |
| २२ | ग्याँस डिपो | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| २३ | सेरामिक्स पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| २४ | ह्याण्डिक्राफ्ट/ हस्तकला | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| २५ | हार्डवयर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| २६ | सम्पुर्ण व्यवस्था भएको पार्टी प्यालेस | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| २७ | कोठा भाडामा लिई सामान राखेका क्याटरिङ्ग | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| २८ | यातायात व्यवसायी | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| २९ | सवारी साधन मर्मत सेन्टर | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ३० | अटो तथा स्पेयर पार्टस सप्लायर्स | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ३१ | स्टेशनरी | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ३२ | भाँडा पसल | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ३३ | प्लाष्टिकका भाँडा पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ३४ | मुर्ती बनाउने/बेच्न पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ३५ | एक्वारियम पसल | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ३६ | धागो, टाँक पसल | ५०० | १००० | १५०० | २००० | २५० | ५०० | ७५० | १००० | |
| ३७ | एग्रोभेट/विउबिजन पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ३८ | खेलौना तथा उपहार विक्रेता | १५०० | ३००० | ४००० | ५००० | ७५० | १५०० | २००० | २५०० | |
| ३९ | पेट्रोलियम पदार्थ, स्टोर वा डिपो | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ४० | सवारी साधन विक्रेता | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ४१ | अन्य वर्गीकृत नभएका व्यवसायहरु:शिर्षक उल्लेखित नभएको | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ४२ | उत्पादनमुलक उद्योग | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ४३ | कृषि /पशु फर्म | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| **उर्जा/लघु जलविद्युत उद्योग** | | | | | | | | | | |
| ४४ | १०० कि.वा. सम्म | १०००० | | | | ५००० | | | | |
| ४५ | १०० कि.वा. देखि १ मे.वा. सम्म | १५००० | | | | ७५०० | | | | |
| ४६ | १ मे.वा. देखि १० मे.वा. सम्म | २०००० | | | | १०००० | | | | |
| ४७ | १० मे.वा. देखि माथी | ५०००० | | | | २५००० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पर्यटन उद्योग | | | | | | | | | |
| ४८ | क. होमस्टे राखी व्यवसाय गर्न | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ४९ | ख. होटल तथा गेष्टहाउस | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ५० | ग. होटलकर (दर्ता भएको) | १५० प्रति कोठा (कोठा संख्या वडा कार्यालयले एकिन गरी अभिलेख राख्ने) | | | | | | | | |
| ५१ | घ. होटलकर(दर्ता नभएको) | २५० प्रति कोठा (कोठा संख्या वडा कार्यालयले एकिन गरी अभिलेख राख्ने) | | | | | | | | |
| ५२ | घरेलु उद्योग तथा कलकारखाना | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ५३ | खनिज उद्योग | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ५४ | कार तथा मोटरसाईकल ट्रायल सेन्टर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ५५ | मनोरञ्जन(पब, डान्सबार, दोहरी साँझ, क्यासिनो) व्यवसाय | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ५६ | पिकनिक स्पट | १००० | | | | | | | | |
| ५७ | टेलिभिजन स्टेसन | १०००० | | | | ५००० | | | | |
| ५८ | रेडियो एफ.एम. | ५००० | | | | २५०० | | | | |
| ५९ | स्विमिङ्ग पुल तथा फिटनेश सेन्टर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६० | योगा, जुम्बा तथा अन्य | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६१ | अन्य तालिम केन्द्रहरु | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ६२ | फुटसल तथा अन्य खेलकुद | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६३ | ट्रेकिङ्ग / टुर/ट्राभल एजेन्सी व्यवसाय | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६४ | इन्टरनेट सेवा प्रदायक | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६५ | चलचित्र प्रदर्शन घर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६६ | पुलहाउस/स्नुकर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६७ | साईबर तथा ईन्टरनेट क्याफे | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ६८ | विभिन्न किसिमका अनलाईन मिडिया तथा न्युज पोर्टलहरु | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ६९ | परामर्श , ईन्जिनियरिङ्ग, कन्सल्टेन्सी तथा अन्य व्यवसायिक सेवा | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ७० | कानून व्यवसायी | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७१ | सुधार केन्द्र | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७२ | लेखापरीक्षक सूचीकरण | ५०० | | | | | | | | |
| ७३ | दन्त चिकित्सक | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७४ | बिमा अभिकर्ता | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७५ | अनुवादक | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७६ | फ्लेक्स, ब्यानर ईत्यादि | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ७७ | विदेशी मुद्रा सटही काउण्टर / मनी ट्रान्सफर | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ७८ | धितोपत्र (शेयर) कारोबारवाला | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ७९ | बिज्ञापन एजेन्सी | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८० | बैदेशिक रोजगारसेवा | २००० | ४००० | ५००० | ७००० | १००० | २००० | २५०० | ३५०० | |
| ८१ | स्वदेशी रोजगार | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८२ | शैलुन / जेन्स पार्लर | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८३ | ट्युसन सेन्टर तथा अन्य ईन्स्टिच्यूट | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८४ | फार्मेसी | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८५ | सिलाई पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| ८६ | निर्माण व्यवसायी (घ वर्ग) | ११००० | | | | ५५०० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८७ | निर्माण व्यवसायी (घ वर्ग) ठाउँसारी/नामसारी/प्रमाणपत्र को प्रतिलिपि | २००० | | | | | | | | |
| ८८ | बाणिज्य बैंक | १०००० | | | | ५००० | | | | |
| ८९ | विकास बैंक | ७००० | | | | ३५०० | | | | |
| ९० | बीमा कम्पनी | ५००० | | | | २५०० | | | | |
| ९१ | सहकारी बैंक | ५००० | | | | २५०० | | | | |
| ९२ | बचत तथा ऋण सहकारी | ४००० | | | | २००० | | | | |
| ९३ | बहुउद्देश्यीय सहकारी | ४००० | | | | २००० | | | | |
| ९४ | कृषि सहकारी | २००० | | | | १००० | | | | |
| ९५ | महिला सहकारी संस्था | २००० | | | | १००० | | | | |
| **स्वास्थ्य तथा सेवा व्यवसाय** | | | | | | | | | | |
| ९६ | निजी अस्पताल | ५००० | ७५०० | १०००० | १५००० | २५०० | ३७५० | ५००० | ७५०० | |
| ९७ | सामुदायिक अस्पताल | ३००० | ४००० | ५००० | ६००० | १५०० | २००० | २५०० | ३००० | |
| ९८ | नर्सिङ्गहोम क्लिनिक | ३००० | ४००० | ५००० | ६००० | १५०० | २००० | २५०० | ३००० | |
| ९९ | ल्याव | ३००० | ४००० | ५००० | ६००० | १५०० | २००० | २५०० | ३००० | |
| १०० | फिजियोथेरापी | ३००० | ४००० | ५००० | ६००० | १५०० | २००० | २५०० | ३००० | |
| १०१ | मिष्ठान्न पसल | १००० | २००० | ३००० | ५००० | ५०० | १००० | १५०० | २५०० | |
| **शिक्षातर्फ** | | | | | | | | | | |
| १०२ | शिशु स्याहार केन्द्र तथा मन्टेश्वरी | ५००० | | | | २५०० | | | | |
| १०३ | निजी विद्यालय | १०००० | | | | ५००० | | | | |
| १०४ | खच्चर व्यवसाय | ३००० | | | | १५०० | | | | |
| १०५ | सबै प्रकारका प्रमाणपत्रको प्रतिलिपि | ५०० | | | | | | | | |
| **जीवजन्तु चौपाया निकासी प्रति संख्या** | | | | | | | | | | |
| १०६ | भेडा/बाख्रा | ५० | | | | | | | | |
| १०७ | घोडा/खच्चड/गाई/ गोरु तथा अन्य | १०० | | | | | | | | |

वार्षिक रुपमा व्यवसाय कर निम्न अनुसार व्यवसाय कर उठाइनेछ ।

**नोटः**

१. डिलर, ऐजेन्ट, डिपो सवडिलर आदिवाहेक अन्य पसल, उद्योग व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटममध्ये कुनै एकको मात्र कर लिइनेछ तर यसमा सबै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

# अनुसूची ५
## जडीबुटी, कबाडी र जीवजन्तु कर

| क्र.सं. | जडीबुटीको नाम | इकाई | आ.व. २०८२/८३ को गा.पा.को करको दर रेट |
|---|---|---|---|
| १ | निरमसी | के.जी. | ३० |
| २ | जटामसी | के.जी. | ४० |
| ३ | कुटकी | के.जी. | २० |
| ४ | मसिलि कालो | के.जी. | ३ |
| ५ | कुरिलो जरा | के.जी. | २ |
| ६ | सतुवा जरा | के.जी. | ७ |
| ७ | पदम चाल | के.जी. | ५ |
| ८ | गाम डोल | के.जी. | ५ |
| ९ | भ्याकुर | के.जी. | ७ |
| १० | सुगन्धवाल | के.जी. | ७ |
| ११ | बोझो | के.जी. | २.५ |
| १२ | विष | के.जी. | ५ |
| १३ | रति | के.जी. | ३ |
| १४ | दरुहल्दि | के.जी. | ४ |
| १५ | सुगन्ध / चोत मरुवा | के.जी. | १० |
| १६ | कुकर तरुल / बन तरुल | के.जी. | ७ |
| १७ | सेतक चिनी / कुकरदाइनो | के.जी. | २.५ |
| १८ | वनलसुन | के.जी. | १५ |
| १९ | विष फेज | के.जी. | ५ |
| २० | पिपला | के.जी. | ५ |
| २१ | भुतकेश / मुसुली | के.जी. | २.५ |
| २२ | पाखानभेद | के.जी. | २.५ |
| **ख** | **काठको बोक्रा जाति** | **के.जी.** | |
| १ | अल्लो | के.जी. | २.५ |
| २ | अर्गेली | के.जी. | २.५ |
| ३ | काउलो / परवन बोक्रा | के.जी. | ५ |
| ४ | दारको बोक्रा | के.जी. | ५ |
| ५ | लोक्ता | के.जी. | २.५ |
| ६ | काफल | के.जी. | ५० |
| ७ | दालचिनी / सिन्कौली | के.जी. | ३.५ |
| ८ | भोजपत्र | के.जी. | ८ |
| १० | नीम | के.जी. | २ |
| ११ | सल्ला | के.जी. | १ |
| १२ | दतिवन | के.जी. | ५ |
| १३ | मसुली सेतो | के.जी. | २ |
| **ग** | **पात जाति** | **के.जी.** | |

| क्र.सं. | जडीबुटीको नाम | इकाई | आ.व. २०८२/८३ को गा.पा.को करको दर रेट |
|---|---|---|---|
| १ | लौठ सल्ला | के.जी. | १० |
| २ | धसिगरे / मसिनो पटपटे | के.जी. | २.५ |
| ३ | तेजपात | के.जी. | १ |
| ४ | तालिस पत्र | के.जी. | २ |
| ५ | सुनपाती | के.जी. | २ |
| ६ | घ्युकुमारी | के.जी. | २ |
| **घ** | **फूल वा विज जाति** | | |
| १ | टिम्मुर | के.जी. | ४ |
| २ | अमला | के.जी. | १ |
| ३ | रतिफल | के.जी. | २ |
| ४ | बर्रो | के.जी. | १ |
| ५ | हर्रो | के.जी. | १ |
| ६ | बनकरेला | के.जी. | ०.५ |
| ७ | इन्द्रायणी विया | के.जी. | ५ |
| ८ | अलैंची | के.जी. | २ |
| ९ | नागवेली झ्याउ | के.जी. | ५ |
| १० | हलहले | के.जी. | १ |
| ११ | टटलो | के.जी. | १ |
| **ङ** | **फूल वा भुवा जाति** | **के.जी.** | |
| १ | जयन्ती फूल दोण पुष्प | के.जी. | १ |
| २ | नागेश्वर / नारेश्वर | के.जी. | २ |
| ३ | बुकी | के.जी. | १ |
| ४ | गुराँस फूल | के.जी. | १ |
| **च** | **विरुवा जाति** | **के.जी.** | |
| १ | चिराइतो | के.जी. | ७ |
| २ | पाषणभेद पाखनभेद | के.जी. | २.५ |
| ३ | अमलवेद / पदमचाल | के.जी. | ५ |
| ४ | मजिठो | के.जी. | ५ |
| ५ | झ्याउ | के.जी. | ७ |
| ६ | गुच्चि च्याउ | के.जी. | १५० |
| ७ | जिवन्ती / सुनगाभा | के.जी. | १ |
| ८ | निगालो | के.जी. | ५० |
| ९ | च्याउ साधारण | के.जी. | १ |
| १० | एक्ले विर | के.जी. | २ |
| ११ | यार्सागुम्बा | के.जी. | १०००० |
| १२ | रिठ्ठाफल | के.जी. | १ |
| १३ | बज्रयन्ती | के.जी. | १ |
| १४ | रुद्राक्षफल | के.जी. | ४ |

| क्र.सं. | जडीबुटीको नाम | इकाई | आ.व. २०८२/८३ को गा.पा.को करको दर रेट |
|---|---|---|---|
| १५ | गुर्जा लहरा / गुजार गानो | के.जी. | २ |
| १६ | सिलाजित गुड्ची | के.जी. | २५ |
| १७ | खयर | के.जी. | १५० |
| **छ** | **बोक्रा जातिहरु** | **के.जी.** | |
| १ | लोक्ता / अग्रेली | के.जी. | २ |
| २ | ओखर | के.जी. | २ |
| ३ | काफल | के.जी. | २० |
| ४ | चुत्रो | के.जी. | ४ |
| ५ | धुपी | के.जी. | १२ |
| ६ | दालचिनी / तेजपात | के.जी. | ३ |
| ७ | काउलो | के.जी. | ७ |
| ८ | भोजपत्र | के.जी. | १० |
| ९ | अँगेरी | के.जी. | २ |
| **ज** | **अन्य रेजिन** | **के.जी.** | |
| १ | सालको खोटो | के.जी. | ३ |
| २ | साल धुप | के.जी. | ५ |
| ३ | मह (भिर मह) | के.जी. | ५ |
| ४ | गुड्चा (गुचा) | के.जी. | २.५ |
| ५ | सल्लाको खोटो | के.जी. | ३ |
| ६ | भृङ्गराज | के.जी. | १५० |
| ७ | ढुकुरे फूल | के.जी. | ५० |
| ८ | तितेपाती | के.जी. | १ |
| ९ | कवाडी सबै किसिमको सामग्री सानो गाडी | प्रतिटिप | ५०० |
| १० | कवाडी सबै किसिमको सामग्री ठुला गाडी | प्रतिटिप | १००० |
| अन्य जडिबुटी सिफारिसमा बन नियमावली, २०७९ को अनुसूची ७ बमोजिमको रकमको ५०% जडिबुटी कर लिईनेछ। | | | |

## अनुसूची ६
## सवारी साधन कर

| सि.नं. | व्यवसायको नाम | आगामी आ.व. को स्वीकृत |
|---|---|---|
| १ | बस, ट्रक, लोरी र अन्य हेभी गाडी | ११०० |
| २ | भाडाका कार, जिप, भ्यान र ट्रेयाक्टर | ६०० |
| ३ | भाडाका मिनिबस, मिनि ट्क | ८०० |
| ४ | निजी कार, मिनि बस, ट्क | ४०० |
| ५ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी | २०० |
| ६ | व्यवसायिक हेलिकप्टर ल्यान्डिङ शुल्क (प्रति टिप) | रु.१००० |

गाउँपालिका अन्तर्गत ढुवानीको रुपमा प्रयोग हुने खच्चरहरुमा प्रति खच्चर प्रति टिप रु ५ का दरले शुल्क लिईनेछ। दुई घण्टा वा सो भन्दा बढी सार्वजनिक स्थानमा खच्चरको समूह छोडेमा त्यस्तो प्रति समूहलाई रु ५० शुल्क लिईनेछ।

## अनुसूची ७
## विज्ञापन कर

गापा क्षेत्र भित्र तपशिल बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ।

क) सववोर्ड प्रति वर्गफिट रु. ५५

ख) होडिंगवोर्ड प्रति वर्गफिट रु. ७५

ग) ग्लो साईनवोर्ड प्रति वर्गफिट रु. ९०

घ) भित्तेलेखन, सटर पेन्टिंग प्रतिवर्गफिट रु २०

ङ) सार्वजनिक स्थलमा ब्यानर राखेबापत प्रति हप्ता रु.१२०

च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु. १०००

छ) डिजिटल बोर्ड प्रति वर्गफिट रु. २००

## अनुसूची ८
## बहाल बिटौरी शुल्क

| सि.न. | राजश्वका क्षेत्रहरु | निर्धारित शुल्क |
|---|---|---|
| १ | बहाल बिटौरी शूल्क | होलसेल पसल, १० कोठा भन्दा बढी भएको होटल र निजी विद्यालय रु. ३०००, मध्यम स्तरको पसल, ५ देखि १० कोठा भएको होटल रु २०००/-, सामान्य पसल, सामान्य होटल, व्यक्तिगत आवास लगायत अन्य रु १५०० /- |
| २ | बहाल बिटौरी शूल्क | कच्ची घर रु. ५००/-<br>१ तले ढलान घर रु. १०००/-<br>२ तले ढलान घर रु. १५००/-<br>सोभन्दा माथिको ढलान घर रु. २०००/- |

## अनुसूची ९
## पार्किङ शुल्क

गापा क्षेत्र भित्र तपशिल बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिने छ।

१. कुनै पनि सवारी साधनले निजी  स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था बाहेक गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदि स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा तपशिल बमोजिमको पार्किङ शुल्क लिईनेछ।

| सि.न. | राजश्वका क्षेत्रहरु | प्रस्तावित दर (प्रति पटक) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | निजी तथा भाडाका ट्रक,बस रु. ३०<br>मिनी बस, टिप्पर रु. २०<br>जीप, ट्र्याक्टर रु. १०<br>मोटरसाइकल स्कुटर रु. ५ | | |

## अनुसूची १०
## पर्यटन शुल्क

चुमनुब्री गाउँपालिकाभित्र पदयात्राका लागि प्रवेश गर्ने विदेशी नागरिकलाई प्रतिपटक प्रतिव्यक्ति रु. १००० र नेपाली नागरिकको हकमा प्रतिपटक प्रतिव्यक्ति रु. २०० का दरले पर्यटन शुल्क लिईनेछ । तपसिलको अवस्थामा पर्यटन शुल्क लिईने छैन।

**तपसिल :**

१. गोरखा जिल्लाका स्थायी बासिन्दा
२. गोरखा जिल्लामा कार्यरत सबै किसिमका सेवाहरुमा आवद्ध  कर्मचारीहरु
३. पर्यटकीय गाइड तथा पोर्टर
४. कुटनीतिक विशिष्ट व्यक्ति तथा १० वर्ष मुनीका बालबालिका
५. दैनिक ज्याला मजदुरी गर्ने कामदारहरु
६. चुमनुब्री क्षेत्रमा व्यवसाय गर्ने सबै व्यवसायीहरु

## अनुसूची ११
## सेवा शुल्क, दस्तुर

सिफारिस दस्तुर, सरसफाई शुल्क, सार्वजनिक शौचालय, पटके सवारी कर

| क्र.स | सेवाशुल्क दस्तुर | प्रस्तावित दर आ.व. २०८२/८३ |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस वंशज | २०० |
| २ | नागरिकताको प्रतिलिपि सिफारिस | ५०० |
| ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | २००० |
| ४ | अंगीकृत नागरिकता सिफारिस | २००० |
| ५ | जन्म मिति प्रमाणितको सिफारिस | २०० |
| ६ | अविवाहित/विवाहित प्रमाणित | ५०० |
| ७ | नावालक परिचयपत्रको सिफारिस | १००० |
| ८ | अंग्रेजीमा गरिने सामान्य सिफारिस | ५०० |
| ९ | नाता प्रमाणित (नेपालीमा) | ५०० |
| १० | नाता प्रमाणित (अंग्रेजीमा) | १००० |
| ११ | ठेगाना प्रमाणित सिफारिस | २०० |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्न भएको सिफारिस | ३००० |
| १३ | बहाल करको लेखाजोखा सिफारिस | ३०० |
| १४ | व्यापार व्यवसाय बन्द भएको/सञ्चालन नभएको सिफारिस | १००० |
| १५ | मिलापत्र कागजात गराउने निवेदन गर्न सिफारिस | ५० |
| १६ | पुर्जामा घर कायम गर्न सिफारिस | ५०० |
| १७ | नाम, थर, जन्म मिति संशोधनका लागि सिफारिस | ५०० |
| १८ | नाम वा थर भएको व्यक्ति एउटै हो भन्ने सिफारिस | ५०० |
| १९ | कन्सुलर प्रमाणित | २००० |
| २० | फुकुवा सिफारिस | ५०० |
| २१ | पेन्सन कार्ड तथा सो सम्बन्धी अन्य सिफारिस | ५०० |
| २२ | नक्कल प्रमाणित | २०० |
| २३ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ५०० |
| २४ | कित्ताकाट/नामसारी गर्न सिफारिस | ५०० |
| २५ | संरक्षक सिफारिस (व्यक्तिगत) | १००० |
| २६ | संरक्षक सिफारिस (संस्थागत) | १५०० |
| २७ | पारिवारिक विवरणको सिफारिस | ५०० |
| २८ | स्थायी बासोबास प्रमाणितको सिफारिस | ५०० |
| २९ | सगोल भएको प्रमाणितको सिफारिस | ५०० |
| ३० | वैवाहिक सम्बन्ध प्रमाणितको सिफारिस | ५०० |
| ३१ | व्यक्तिगत घटना दर्ता जरिवाना तथा प्रतिलिपिको सिफारिस | ५०० |
| ३२ | सर्जमिन मुचुल्का प्रमाणित | २०० |
| ३३ | चारकिल्ला प्रमाणितको मरुवा सरुवा नामसारी अंशबण्डा/घरजग्गा सिफारिस | ५०० |
| ३४ | खानेपानी/विद्युत जडान, नामसारी, ठाउँसारी सिफारिस | २०० |
| ३५ | कुकाठ कटान सिफारिस गरेको ( प्रति रुख) | ५०० |

| क्र.स | सेवाशुल्क दस्तुर | प्रस्तावित दर आ.व. २०८२/८३ |
|---|---|---|
| ३६ | व्यवसाय दर्ता /सञ्चालन/ नाम/ठेगाना परिवर्तन सिफारिस | ५०० |
| ३७ | हाईड्रोपावर सिफारिस | १०००० |
| ३८ | निजी स्तरका शैक्षिक संस्था स्थापना अनुमति | १००० |
| ३९ | पालिका स्तरीय लब्धाक पत्र (मार्कसिट) प्रतिलिपि दस्तुर | २०० |
| ४० | न्यायिक समितिमा निवेदनदस्तुर न्यायीक समितिमा प्रतिउत्तर दस्तुर | २०० |
| ४१ | समूह/आमा समूह/कृषक समूह/क्लब/ समिति दर्ता तथा नविकरण सिफारिस | ३०० |
| ४२ | सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पाटी र चर्च गै.स.संस्था, सहकारी, क्लब सिफारिस(पालिकामा दर्ता हुने) | ५०० |
| ४३ | सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पाटी र चर्च गै.स. संस्था, सहकारी, क्लब सिफारिस(अन्यमा दर्ता हुने) | २००० |
| ४४ | गै.स.स. दर्ता शुल्क | २००० |
| ४५ | गै.स.स. नवीकरण शुल्क | १००० |
| ४६ | संस्थाहरु INGO वार्षिक ( अन्तराष्ट्रिय गै.स.स.) सिफारिस | १०००० |
| ४७ | नक्सा पास दस्तुर (प्रति वर्गफिट) १००० वर्गफिट सम्म | ७ |
| ४८ | नक्सा पास दस्तुर (प्रति वर्गफिट) १००० वर्गफिट भन्दा बढी | ८ |
| ४९ | नक्सा पास पर्खाल प्रति रनिङ फिट | १ |
| | **निर्माण भईसकेका घरहरुको हकमा अभिलेखीकरण शुल्क** | |
| ५० | कच्ची घर | ५०० |
| ५१ | पक्की घर प्रति वर्गफिट | ४ |
| ५२ | घर नक्सा नामसारी | २००० |
| ५३ | योजना सम्पन्न सिफारिस (संघ, प्रदेश, स्थानीय तह) | १००० |
| ५४ | अन्य सामान्य सबै प्रकारका सिफारिस | ५०० |
| ५५ | झैझगडा मेलमिलाप निवेदन दर्ता शुल्क | ५० |
| ५६ | परीक्षा आवेदन शुल्क (श्रेणीविहिन देखि सहायक स्तर वा सोसरह) | ५०० |
| ५७ | परीक्षा आवेदन शुल्क (अधिकृतस्तर वा सोसरह) | १००० |
| ५८ | जीवित रहेको सिफारिस | १००० |
| ५९ | जग्गा दर्ता सिफारिस | ५०० |
| ६० | घर बाटो सिफारिस(बाटो भएको) | ५०० |
| ६१ | घर बाटो सिफारिस(बाटो नभएको) | २०० |
| ६२ | जग्गाधनी पूर्जा हराएको सिफारिस | ५०० |
| ६३ | अपुताली सिफारिस | ५०० |
| ६४ | हकवाला वा हकदार प्रमाणित | १००० |
| ६५ | कार्यक्रम सञ्चालन अनुमति दस्तुर | २००० |
| ६६ | हल भाडा प्रतिदिन | १००० |
| ६७ | सूचिकृत (फर्म) | ५०० |

**मूल्यांकन दस्तुर**

| विवरण | प्रस्तावित दस्तुर आ.व. २०८२/८३ |
| --- | --- |
| **आम्दानी प्रमाणित** | |
| कुल आम्दानीको | ०.५% |
| **सम्पत्ति मूल्यांकन** | |
| कुल सम्पतिको | ०.३% |

**सरसफाई शूल्क वार्षिक रुपमा निम्न अनुसार हुने छ ।**

| सि.न. | राजस्वका क्षेत्रहरु | प्रस्तावित दर(आ.व. २०८२/८३) |
| --- | --- | --- |
| १ | आवासीय घर २ तल्ला सम्म | १०० |
| २ | आवासीय घर २ तल्ला माथी | १५० |
| ३ | होटल ,लज सहितको व्यवसायिक | १००० |
| ४ | खाजा पसल | ३०० |
| ५ | मासु पसल | ३०० |
| ६ | सैलुन | १०० |
| ७ | तरकारी फलफूल | २०० |
| ८ | पान पसल | २०० |
| ९ | माछा पसल | १०० |
| १० | किराना होलसेल पसल | ४०० |
| ११ | किराना खुद्रा पसल | १०० |
| १२ | फेन्सी ,मोबाईल ,साईबर ,कपडा ,घडी पसल , चुरा धागो | १०० |
| १३ | सुन पसल | १०० |
| १४ | स्कुल ,क्याम्पस निजी | ३०० |
| १५ | कार्यालय निजी ,संघसंस्था | ४०० |
| १६ | उद्योग ठुलो व्यावसायिक | १००० |
| १७ | उद्योग घरेलु ,साना छाला जुत्ता ,झोला | २०० |
| १८ | मिल | ५०० |
| १९ | फर्निचर उद्योग | ४०० |
| २० | बस ,माइक्रो काउन्टर | २०० |
| २१ | हस्पिटल तथा स्वास्थ्य संस्था(निजी) | ५०० |
| २२ | एग्रो भेट | ५०० |
| २३ | कुखुरा फार्म ठुलो ५०० भन्दा बढि | ६०० |
| २४ | कुखुरा फार्म सानो ५०० भन्दा कम | ३०० |
| २५ | हार्डवयर ,भाडापसल | ३०० |
| २६ | स्टेशनरी पसल | १०० |
| २७ | कापी उद्योग ,छापाखाना | ५०० |

| सि.न. | राजस्वका क्षेत्रहरु | प्रस्तावित दर(आ.व. २०८२/८३) |
|---|---|---|
| २८ | मोटर वर्कशप | १००० |
| २९ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |
| ३० | मोटर ,मोटरसाईकल शोरुम | ३०० |
| ३१ | टायर रिसोलिङ | ५०० |
| ३२ | बैंक | ५०० |
| ३३ | सहकारी संस्था | ३०० |
| ३४ | टेलरिङ पसल | २०० |
| ३५ | इट्टा विक्रि केन्द्र ,भट्टा | २०० |
| ३६ | पेट्रोल पम्प | ३०० |
| ३७ | मदिरा पसल | ३०० |
| ३८ | टिभि ,इलेक्टिक तथा मर्मत पसल | ४०० |
| ३९ | हस्तकला ,आर्टस ,फ्लेक्स | २०० |
| ४० | सिनेमा हल ,पार्टी प्यालेस ,क्याटरिङ | १००० |
| ४१ | डेरी | २०० |
| ४२ | व्युटी पार्लर | २०० |
| ४३ | सिलाई मेसिन पसल तथा मर्मत | २०० |
| ४४ | कुखुरा बाहेक कृषि फर्म | १०० |
| ४५ | अन्य | २० |

**सार्वजनिक शौचालय-** निजी क्षेत्रसँग साझेदारी माध्यमबाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

## अनुसूची १२
## ट्रेकिङ् ऱ्याफ्टिङ्ग शुल्क

ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क चुमनुब्री गाउँ कार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

## अनुसूची १३
## एक्साभेटर प्रयोग शुल्क

चुमनुब्री गाउँपालिकाको एक्साभेटर प्रयोग गरेबापत तपसिलमा उल्लेखित शुल्क लिईनेछ ।
**तपसिल :**

| क्र.सं. | विवरण | दर (प्रतिघण्टा रु. ) | कैफियत |
|---|---|---|---|
| १, | बकेट | ३००० | |
| २. | ब्रेकर | ३५०० | |

**कैफियत :** चालक भत्ताबापत प्रतिघण्टा रु. ३०० का दरले अतिरिक्त लाग्नेछ ।

## अनुसूची १४

## प्राकृतिक स्रोत साधन कर

चुमनुब्री गाउँपालिकामा तपसिल बमोजिमको प्राकृतिक स्रोत साधन कर लगाईनेछ ।

**तपसिल :**

| क्र.सं. | शिर्षक | दर (प्रति घन मिटर रु.) |
|---|---|---|
| १. | ढुङ्गा, गिटी, बालुवा | ३६४.५ |

**राजश्व सम्बन्धी अन्य व्यवस्था**

- ❖ प्राकृतिक स्रोतको रुपमा रहेका बुढीगण्डकी लगायतका अन्य खोलाहरुमा रहेको ढुङ्गा, गिटी, बालुवा लगायत अन्य प्राकृतिक स्रोतहरुको प्रदेश कानून बमोजिम गरिएको IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम राजश्व संकलन गरी कानून बमोजिम बाडफाँड गरिनेछ ।
- ❖ आर्थिक वर्ष २०८२/८३ बाट कार्यान्वयन गर्ने गरी नेपालको सँविधान बमोजिम बनाउने पर्ने राजस्व सम्बन्धी अत्यावश्यक नयाँ कानून तत्काल बनाउने र सँशोधन गर्नु पर्ने भएमा संशोधन गरी लागु गरिनेछ।
- ❖ आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्राप्त गर्ने कार्यालाई प्रोत्साहन गरी त्यस्ता कार्यको सिविर सञ्चालन गरिनेछ
- ❖ राजश्वका थप क्षेत्रहरु पहिचान गरिनेछ ।
- ❖ कानुन बमोजिम बाहेक कर लगाउने र कर असुल्ने कार्य गरिने छैन ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत